# एक्सेल डेभलपमेन्ट बैंक लि.

**Excel Development Bank Ltd.**

...तपाईको स्थानीय साझेदार (Your Local Partner)

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (कोशी प्रदेश कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा

फोन नं. ०२३-५३३५६४, ५३४०१० | Email: info@edb.com.np | URL: www.edb.com.np


## उन्नाईसौ वार्षिक साधारण सभाको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८१/११/१८)**

यस बैंकको मिति २०८१/११/१७ मा बसेको संचालक समितिको ३२१ औं बैठकको निर्णयअनुसार देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नका लागि निम्न मिति, समय र स्थानमा वैंकको उन्नाईसौ वार्षिक साधारण सभा हुने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ (२) को प्रावधान बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। कुनै कारणवश पत्र प्राप्त हुन नसकेमा यसै सूचनालाई आधार मानी उपस्थित भइदिनु हुन हार्दिक अनुरोध गर्दछु।

**साधारण सभा हुने मिति, समय र स्थानः**

मिति : २०८१ साल चैत्र ११ गते सोमवार (तदनुसार मार्च २४, २०२५)

समय : बिहान ११:०० बजे।

स्थान : सिद्धार्थ होटल, बिर्तामोड, झापा

**सभाको निर्धारित विषयसूचीः**

**(क) सामान्य प्रस्तावः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आ.व.२०८०/०८१ को वार्षिक प्रतिवेदन पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसंग सम्बन्धित अनुसूचीहरु पारित गर्ने।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८१/८२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (वर्तमान लेखापरीक्षक श्री बि.आर.एस.न्यौपाने एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेन्टस् ज्ञानेन्द्र बहादुर भारी.पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ।)

४. संचालक समितिले संस्थापक शेयरधनी तर्फको रिक्त संचालक पदमा गरेको नियुक्ति अनुमोदन गर्ने।

**(ख) विशेष प्रस्तावः**

१. यस बैंक र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Acquisition) प्रयोजनको लागि अठारौ वार्षिक साधारण सभाले दिईएको अख्तियारीलाई निरन्तरता दिदै अन्य उपयुक्त बैंक तथा वित्तिय सस्थासँग गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती (Acquisition) गर्ने सम्बन्धी आवश्यक कार्य गर्न, उक्त कार्यका लागि सहमतिपत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्न Merger तथा Acquisition समिति गठन गर्न, चल अचल सम्पत्तीको मूल्याङ्कन (Due Diligence Audit) गर्न मूल्यांकनकर्ताको नियुक्ति गर्न, निजको पारिश्रमिक निर्धारण गर्न, शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) निर्धारण गर्न, सम्बन्धित नियमनकारी निकायहरुसंग सहमति लिने लगायतका Merger तथा Acquisition सम्बन्धी आवश्यक सम्पूर्ण कार्य/प्रकृया अघि बढाउने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने।

२. संचालक समितिका सदस्यहरुको बैठक भत्ता वृद्धि गर्ने।

३. बैंकको नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने प्रक्रिया लगायत अन्य आवश्यक विषयका लागि प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्नुपर्ने भएमा प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने।

**(ग) विविध।**

**सञ्चालक समितिको आज्ञाले**

**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी थप जानकारीः

१. वार्षिक साधारण सभा प्रयोजनको निमित्त मिति २०८१।११।२९ गतेका दिन बैंकको शेयरधनी दर्ता पुस्तिका (Book Closed) बन्द रहनेछ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा २०८१/११/२८ गतेसम्म कारोवार भई म्यादभित्र यस बैंकको शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुले मात्र सो सभामा भाग लिन तथा मतदान गर्न पाउने छन्।

२. शेयरधनी महानुभावहरुले हितग्राही (DMAT) खाता खोलिएको/शेयर प्रमाण पत्र वा प्रवेश पत्रका साथै आफ्नो परिचय खुल्ने कुनै परिचय पत्र अनिवार्य रुपमा लिई आउनुहुन अनुरोध छ।

३. सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुने समयभन्दा कम्तिमा ४८ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालयमा प्रोक्सी फारम दर्ता गरी सक्नुपर्नेछ। सभामा भाग लिन/मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि वदर गरी अर्को मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र बैंकको केन्द्रीय कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ। प्रतिनिधि नियुक्त गरेको शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफैं सभामा उपस्थित भई मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा सुरु हुनुभन्दा कम्तिमा २४ घण्टा अगावै बैंकमा दर्ता गर्नुपर्नेछ।

४. प्रतिनिधि भएको व्यक्ति यस कम्पनीको शेयरधनी हुनुपर्ने छ। अन्य व्यक्ति प्रतिनिधिको लागि अमान्य हुनेछन्। बैंक कर्मचारीलाई कर्मचारी बाहेकका शेयरधनीले प्रोक्सी दिन पाउने छैनन्।

५. नावालक वा विक्षिप्त शेयरधनीको तर्फबाट बैंकको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नुहुनेछ।

६. संयुक्त रुपमा शेयर खरीद गरेको भएमा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछन्।

७. छलफलका विषय मध्ये विविध शिर्षक अर्न्तगत विशेष प्रस्ताव भएमा छलफल गर्न ईच्छुक शेयरधनी महानुभावहरुले सभा हुनुभन्दा सात दिन अगावै छलफलको विषय कम्पनी सचिवालय मार्फत संचालक समितिका अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ।

८. शेयरधनी महानुभावहरुले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरुका सम्बन्धमा संचालक समितिका तर्फबाट अध्यक्ष वा अध्यक्षद्वारा आदेश पाएका व्यक्तिले उत्तर दिनेछन्।

९. सभामा स्वंय उपस्थित भई भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनी महानुभावहरुको सुविधाको लागि उपस्थिती पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९ बजेदेखि नै खुल्ला गरिनेछ।

१०. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा झोला, ब्याग जस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध छ।

११. साधारण सभामा भाग लिन आउँदा जाँदा लागेको भ्रमण खर्च लगायत कुनै किसिमको खर्च रकम बैंकले प्रदान गर्ने छैन।

१२. इमेल, स्क्यान, फोटो वा अन्य विद्युतिय माध्यमबाट पठाएका प्रतिनिधिपत्र (प्रोक्सी) लाई पनि मान्यता दिईनेछ।

१३. अन्य जानकारीका लागि बैंकको केन्द्रीय कार्यालय बिर्तामोडमा कार्यालय समयभित्र सम्पर्क राख्न हुन अनुरोध छ।

**कार्यालयको फोन नं. ०२३-५३३५६४, ५३४०१०, ई-मेलः info@edb.com.np रहेको छ।**